# स्थानीय राजपत्र

## राप्ती गाउँपालिकाद्वारा प्रकाशित

खण्डः१०　　संख्याः २　　मितिः२०८३/०४/२५


## भाग २

### राप्ती गाउँपालिका, दाङ

**कार्यपालिकाबाट स्वीकृतः२०८०/०५/२४**

**कार्यपालिकाबाट पहिलो संशोधन मितिः २०८३/०४/१३**

# कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कर्यविधि, २०८०

# कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८०

**स्वीकृत मिति: २०८०/०५/२४**

**कार्यपालिकाबाट पहिलो संशोधन मिति:२०८३।०४।१३**

**प्रस्तावना:**

रेविज रोग मानव, पशु तथा अन्य स्तनधारी जनावरमा लाग्ने अति खतरनाक प्राणघातक जुनोटिक रोग हो। पशु तथा मानव स्वास्थ्यको दृष्टिकोणले ठूलो समस्याको रुपमा विद्यमान रेविज रोगका कारण पशुपालक कृषकहरुले वर्षेनी ठूलो आर्थिक क्षति व्यहोर्दै आएका छन् अत: कुकुरको बन्ध्याकरण र रेविज खोपको माध्यमबाट रेविज रोग तथा कुकुरको संख्या नियन्त्रण गरी जनस्वास्थ्य एवं पशुधन संरक्षणमा टेवा पुऱ्याउने उद्देश्य अनुरुप रेविज रोगको जोखिमलाई न्यूनिकरण गर्न सकियोस् भन्ने उद्देश्यका साथ राप्ती गाउँपालिकाको जनस्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम सहज, सरल, प्रभावकारी पारदर्शीरुपमा सञ्चालन गर्न बान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद-३ को दफा ११ (ण) बमोजिम राप्ती गाउँपालिकाले कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० रहेको छ।

(ख) यो कार्यविधि कुकर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम सम्पादन गर्ने प्रयोजनको लागि राप्ती गाउँपालिकाबाट स्वीकृति भए पश्चात लागु हुनेछ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "पालिका" भन्नाले राप्ती गाउँपालिकालाई सम्भन्नुपर्नेछ।

(ख) "अध्यक्ष" भन्नाले राप्ती गाउँपालिकाका अध्यक्ष सम्भन्नुपर्नेछ।

(ग) "उपाध्यक्ष" भन्नाले राप्ती गाउँपालिकाका उपाध्यक्ष सम्भन्नुपर्नेछ।

**३. उद्देश्य : यो कार्यविधिको उद्देश्य देहाय बमोजिमको हुनेछ।**

(क) नेपाल सरकारको नीति तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने

(ख) आवश्यकता अनुसार राप्ती गाउँपालिकाले राष्ट्रिय खोप उत्पादन प्रयोगशाला त्रिपुरेश्वरसँगको समन्वयमा रेविज खोप व्यवस्थापन गरी कुकुर बन्ध्याकरण तथा रेविज विरुद्ध खोप कार्यक्रम सञ्चालन गर्ने। उपलब्ध नभएमा गाउँपालिकाबाट खरिद गरी लगाउने।

(ग) राप्ती गाउँपालिकाभित्रका कुकुरहरुको दर्ता, खोप लगाउने कार्य सञ्चालन गरी रेविज रोगको जोखिम न्यूनिकरणमा सहयोग पुऱ्याउने

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-२

**४. कार्यक्रम सञ्चालन प्रक्रिया :**

(१) कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम तोकिएको स्थानमा कुकुरको संख्या एकिन गरी बन्ध्याकरण गर्ने संस्था तथा विज्ञसँग समन्वय गरी सञ्चालन गर्ने।

(२) सामुदायिक कुकुरहरुलाई प्राथमिकता दिई बन्ध्याकरण तथा रेविज खोप कार्यक्रम सञ्चालन गरिनेछ।

(३) रेविज खोप यथासम्भव स्वदेशी प्रयोग गर्नुपर्नेछ।

(४) पालिकाले कुकुर बन्ध्याकरण कार्यक्रम दर्तावाल पशु चिकित्सक मार्फत सञ्चालन गर्नुपर्नेछ। कुनै सस्था मार्फत गर्दा उक्त संस्थामा सो व्यवस्था हुनुपर्नेछ।

(५) रोग सम्बन्धी जनचेतनामूलक सामग्री तयार गरी वितरण गर्ने।

(६) सम्पन्न कार्यक्रमको प्रगति पशु सेवा विज्ञ केन्द्र/पशु सेवा विभागमा पठाउने.

❖ (७)कुकुर बन्ध्याकरणका लागि प्रस्तावक छनौटको मापदण्ड निम्नानुसार हुनेछ।
क)सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको हनुपर्ने।
ख)सेवा प्रदायक संग आफ्नै दक्ष जनशक्ति (रजिस्टार्ड पशु चिकित्सक)भएको हुनुपर्ने अघिल्लो आर्थिक वर्षको अडिट रिपोर्टमा सो कुरा समेत खुलेको हुनुपर्ने।
ग)संस्था संग कुकुर ओसार पसारका गर्ने प्रयोजनका लागि सोही प्रकृतिका सवारी साधन समेत रहेको प्रमाण पेस हुनुपर्ने।

(८) आवेदक संघ/संस्थाको मूल्यांकनका लागि पालिकामा निम्न अनुसारको मूल्यांकन समिति रहनेछ।

| | |
|---|---|
| (क) लेखा शाखा प्रमुख | - संयोजक |
| (ख) प्रशासन शाखा प्रमुख | - सदस्य |
| (ग) पशु सेवा शाखा प्रमुख | - सदस्य सचिव |

## परिच्छेद- ३

**५. कार्यक्रम अनुगमन तथा मुल्याङ्कन :**

(१) यस कार्यक्रमको अनुगमन र मूल्यांकन गाउँपालिका अध्यक्ष/उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले गर्नेछन्। यस कार्यमा प्रदेश तथा संघीयस्तरका सम्बन्धित मन्त्रालय अन्तर्गतका विज्ञ टोलीलाई आमन्त्रण गर्न सकिनेछ।

## परिच्छेद-४

**६. आर्थिक कार्यविधि :**

❖ (१)दफा ४ को उपदफा ७ बमोजिम मापदण्ड पुगेका प्रस्तावदाता मध्येबाट प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम प्रतिस्पर्धात्मक माध्यमबाट हुनेछ।बन्ध्याकरणका लागि आवस्यक औषधि,सर्जिकल सेवा,रेविज खोप, तथा जनशक्तीको खाना तथा आवास लगायतको प्रबन्ध समेत प्रस्तावक स्वयंले नै व्यहोर्नुपर्नेछ।

(२) कार्यक्रम सम्पन्न भइसकेपछि सोको प्रतिवेदन विज्ञ केन्द्र वा पशु सेवा विभागमा गाउँपालिकाले अनिवार्य रुपमा प्रेषित गर्नुपर्नेछ।

(३) कुकुर बन्ध्याकरण कार्यका लागि तपसिल अनुसारका क्रियाकलापहरुमा निम्नानुसार खर्च गर्न सकिनेछ।

❖ दफा ४(७) पहिलो संशोधन
❖ दफा ६(१) पहिलो संशोधन

दीपक पाठक
प्रमुख प्रशासकीय अधिकृत

| क्र.स. | क्रियाकलापहरु | लक्ष्य | कुल रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | प्रचार प्रसार सूचना सम्प्रेषण तुल तथा व्यानर, कार्यालयं सामान तथा लजिस्टिक र खाजा नास्ता | १ पटक | अधिकतम् १०% | |
| २ | कुकुरहरुलाई बन्ध्याकरण तथा रेविज खोप | | न्यूनतम ९०% | |

आवश्यकता अनुसार माथिको वजेट वाँडफाड गर्दा कुनै शिर्षकमा सहकार्य गर्ने संस्था भएमा उक्त शिर्षक वापतको वजेट कुकुर बन्ध्याकरण तथा रेविज खोपमा खर्च गरिनेछ।

**परिच्छेद-५**

**७. आर्थिक प्रशासन**

यस कार्यक्रम सञ्चालनका लागि आवश्यक वस्तु वा सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार गर्नुपर्नेछ। कार्यक्रम सम्पन्न पश्चात लेखापरीक्षण कार्य प्रचलित नियमानुसार गर्नुपर्नेछ।

**८. थपघट वा हेरफेर गर्न सक्ने :**

(१) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन पालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि पालिकाले आवश्यकता अनुसार व्याख्या गर्नेछ।

आज्ञाले
देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत